# निजगढ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

निजगढ

## सार्वजनिक निजी साझेदारीमा योजना संचालन गर्नका लागि

## प्रस्ताव आहवानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७८/०८/०९)

निजगढ नगरपालिका, नगर कार्यपालिकाको निर्णयानुसार बैठकले तपशिलको योजना सार्वजनिक निजी साझेदारीको अवधारणा वमोजिम संचालन गर्न निर्णय गरेकोले योग्यता पुगेका प्रस्तावदाता तथा सम्बन्धित सवैको जानकारीको लागि या सूचना प्रकाशित गरिएको छ । प्रस्ताव पेश गर्ने सम्बन्धी सामान्य प्रकृया तथा शर्तहरु यस प्रकार रहेका छन :

१) इच्छुक तथा योग्य व्यक्ति/कम्पनी/संस्थाहरुबाट निजगढ नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन,२०७७ को दफा १९ बमोजिम तोकिएको शर्तहरुको अधीनमा रही प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएका छ ।

२) निजगढ नगरपालिकाले उल्लेखित आयोजनाहरुको कार्यान्वयन सार्वजनिक निजी साझेदारीका मूल्य मान्यता वमोजिम गर्नेछ । निजगढ नगरपालिकाको सार्वजनिक निजी साझेदारी अनुसार परियोजनाको डिजाइन, निर्माण तथा सञ्चालनका स्वीकृति प्रदान गरिनेछ ।

३) प्रस्ताव आहवान सम्बन्धी कागजात यस कार्यालयको राजस्व उपशाखाबाट यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समय भित्र रु ३०००।- (फिर्ता नहुने) बुझाई खरिद गर्न सकिनेछ ।

४) यस सूचना बमोजिम सीलबन्दी प्रस्ताव पेश गर्ने अन्तिम मिति यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अपरान्ह १२ः:०० बजेसम्म रहनेछ।म्याद भित्र यस कार्यालयमा पेश हुन आएका प्राविधिक प्रस्ताव सोही दिन अपरान्ह ३ः:०० बजे खोलिनेछ।प्राविधिक प्रस्ताव खोल्दा प्रस्तावदाताको प्रतिनिधि उपस्थिति हुन सक्नेछन् तर निजहरुको अनुपस्थितिले मात्र प्रस्ताव खोल्न बाधा पर्नेछैन।

५) प्रस्ताव मूल्याङ्कनका आधारहरु तथा साझेदारीका शर्तहरु प्रस्ताव आहवान सम्बन्धी कागजातमा उल्लेख भएवमोजिम हुनेछ । प्रस्ताव आहवान सम्बन्धी कागजातहरु यस कार्यालयको वेबसाईट www.nijgadhmun.gov.np बाट डाउनलोड गरी हेर्न वा यस नगरपालिकाको सानिसा इकाईमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ । प्रस्तावदाताको योग्यता तथा प्रस्ताव मूल्याङ्कनका आधारहरु प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भएवमोजिम हुनेछ ।

## नगरपालिकाले वहन गर्ने दायित्व

प्रस्तुत आयोजनाको सन्दर्भमा नगरपालिकाको तर्फबाट गरिने साझेदारीको खाका यस प्रकार रहेको छ :

क) आयोजना निर्माणका लागि आवश्यक जग्गा उपलब्ध गराउने

ख) आयोजना स्थलमा धारा, वत्ति, इन्टरनेट आदि उपयोगिताका सामाग्रीहरु जडान गर्न सहजीकरण गर्ने

ग) आयोजना कार्यान्वयनको क्रममा आउन सक्ने स्थानीय तथा समुदायगत समस्याहरुको समाधानको पहल गर्ने ।

घ) राष्ट्रिय प्रसारण लाइन (ग्रीड) मा कनेक्शनका लागि नेपाल विद्युत प्रधिकरणको सवस्टेशन कार्यालयहरु सँग आवश्यक समन्वय तथा छलफलका लागि सहजीकरण गर्ने ।

ङ) संचालित आयोजनाको अनुगमन गर्ने

च) प्रदान गरिने सेवाको शुल्क निर्धारण खाका स्वीकृत गर्ने

छ) आयोजना संझौताको समयमा नगरपालिकाले सम्पादन गर्नु पर्ने भनी तय हुने अन्य विषयहरु

***… Bank’s seal and authorized signature(s) ...***

# निजगढ नगरपालिका
# सार्वजनिक निजी साझेदारी समिति

विषय : <u>प्रस्तावदाताको योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार</u>

## पृष्ठभूमी

निजगढ नगरपालिकाले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्ने गरी तयारी गरेको आयोजनाहरु मध्ये तल उल्लेखित आयोजना संचालन गर्न चाहने प्रस्तावदाताको न्यूनतम योग्यता निर्धारण सम्बन्धी आधार तथा सोही प्रस्तावदाताले पेश गरेको प्रस्ताव मूल्याङ्कन गर्ने आधार (Evaluation Criteria) यस प्रकार हुनेछ ।

## आयोजनाका विवरण

| क.सं. | प्रस्ताव नं. | आयोजनाको नाम | आयोजनाको ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | ०१/सानिसा/०७८-७९ | वडा नं. ९ मा ९९८ कि.वा. पीक क्षमताको ग्रीड कन्नेक्टेड सोलार परियोजनाको निर्माण तथा संचालन | निजगढ नगरपालिका वडा नं. ९ | |

**<u>आयोजनाको प्रकार</u>** : निर्माण, संचालन तथा हस्तान्तरण (Build, Operate, Own and Transfer-BOOT) .

<u>आयोजनाको निर्माण तथा संचालन क्रममा गरिने मूख्य कृयाकलाप</u> : सौर्य आयोजना निर्माण तथा संचालनका लागि नगरपालिकाले पहिचान गरी निर्णय गरेको वडा नं. ९ को P1 Block मा ९९८ कि.वा. पीक क्षमताको सोलार आयोजना निर्माण, आयोजना निर्माण स्थल देखि सबस्टेशन सम्म उर्जा प्रसारणका लागि प्रसारण लाइन निर्माण, आयोजना स्थलमा धारा, वत्ति, इन्टरनेट आदि उपयोगिताका सामाग्रीहरु जडान, आयोजना सुरक्षाको निम्ति आवश्यक पूर्वाधार निर्माण तथा जनशक्ति व्यवस्थापन, आयोजना अनुगमनका लागि आवश्यक विद्युतीय उपकरणहरु जडान, तथा आयोजना स्थलमा गर्नुपर्ने अन्य आवश्यक कार्यहरु

**<u>प्रस्तावकको योग्यता</u>**

यस सूचना वमोजिमको आयोजनाहरुमा प्रस्ताव पेश गर्न प्रस्तावदाताहरुको योग्यता यस प्रकार निर्धारण गरिएका छ :

क) संलग्न हुनु पर्ने कागजातहरु

- संस्था दर्ता प्रमाण पत्र
- व्यवसाय दर्ता प्रमाण पत्र एवं नवीकरण आवश्यक पर्ने संस्थाको हकमा आर्थिक बर्ष २०७८।०७९ को लागि गरिएको नवीकरण
- मूल्य अभिबृद्धि करमा दर्ता भएका प्रमाण पत्र
- आर्थिक बर्ष ०७७।०७८ को लागि कर चुक्ता प्रमाण पत्र वा म्याद थप भएको पत्र ( नयाँ संस्थाका हकमा कर चुक्ता आवश्यक नपर्ने)
- संस्था काला सूचीमा नपरेका भन्ने स्वघोषणा (काला सूचीमा परेको प्रमाणीत भएमा उक्त संस्था स्वतः अयोग्य मानिनेछ)
- सूचनामा उल्लेख भए वमोजिमको प्रस्ताव जमानत
- प्रस्ताव खरिद गरेको सक्कल रसिद (प्रस्तावको विवरण नगरपालिकाको वेवपेजबाट डाउनलोड गरेका प्रस्तावदाताले पनि कार्यालयबाट प्रस्ताव खरिदको रसिद लिनु पर्नेछ)
- प्रस्ताव पेश गर्ने विषयमा कम्पनीको कार्यकारी निकायले गरेको निर्णयको प्रतिलिपी । यो दफा संग सम्बन्धित कागजात प्राविधिक प्रस्ताव संगै पेश गर्नु पर्नेछ ।

ख) योग्यता परिक्षण सम्बन्धी थप निर्देशन र परिक्षण प्रकृया :

१) माथिको खण्डमा उल्लेख भएका कागजात परिक्षण गरी प्रस्तावको पूर्णताको परिक्षण गरिनेछ र पूर्णता परिक्षणमा सफल प्रस्ताव मात्रै थप मूल्याङ्कनमा जानेछन् ।

२) पूर्णता परिक्षणको चरणमा असफल भएका प्रस्तावदाताहरुले आफनो आर्थिक प्रस्ताव माग गरी फिर्ता लिन सक्नेछन ।

३) यो चरण पार गरी मूल्याङ्कनको चरणमा पुगेका तथा नपुगेका प्रस्तावदाताहरुलाई कार्यालयको सूचना पाटिमा सूचना प्रकाशित गरी, वेवसाइटमा सूचना प्रकाशन गरी वा पत्राचार मार्फत जानकारी दिइनेछ ।

<u>प्रस्ताव पेश गदा ध्यान दिन पर्ने अन्य महत्वपूण पक्षहरु</u>

१. आयोजनाको अनुमानित लागत : निजगढ नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको अनुरोधमा नेपाल नवीकरणीय उर्जा कार्यक्रम, थापाथली, काठमाण्डौले उक्त आयोजना निर्माण सम्बन्धी गरेको अध्ययन र नगरपालिका समक्ष प्राप्त हुन आएका कागजातालाई यस आयोजनाको हकमा पूर्व सम्भाव्यता अध्यन प्रतिवेदनको मान्यता दिइएको छ । उक्त पूर्व सम्भाव्यता अध्यन प्रतिवेदनमा उल्लेख

गरिएको अनुमानित लागत लाई आधार मानी यो आयोजना कार्यान्वयन गर्न लाग्ने अनुमानित लागत कायम गरिएको छ :

| सि. नं. | लागतको प्रकार | लागत अंक | कैफियत |
|---|---|---|---|
| १. | आयोजना हस्तान्तरण हुँदा नगरपालिकालाई नै हस्तान्तरण हुने संरचनाहरु निर्माणमा पर्ने लागत तथा आयोजना तयारीका क्रममा हुने लगानी | ८ करोड पचास लाख | प्रस्तावदाताको आर्थिक क्षमता लगायत प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा यसै दफा वमोजिमको कुल आयोजना लागत अंकलाई आधार मानिनेछ |
| | **कुल आयोजना लागत** | **८ करोड पचास लाख** | |

नगरपालिकालाई तिर्नु पर्ने रोयल्टिको विवरण र प्रस्ताव मूल्याङ्कनमा यसको गणना :

क) प्रस्ताव मूल्याङ्कन गर्दा प्रस्तावित रोयल्टिको सम्बन्धमा चालु आर्थिक बर्षको स्वीकृत दररेटलाई आधार मानी कवोल अंकको विश्लेषण गरिनेछ ।

ख) संझौताको अवधिमा नगरपालिकाले यस्ता शुल्क बृद्धि गरेको अवस्थामा नगरपालिकालाई थप्नु पर्ने रायल्टिको लागि निश्चित सूचकहरुको आधारमा खाका तर्जुमा गरी संझौताको अनुसूचीमा समावेश गरीनेछ । वा नगरपालिकाबाट निर्णय गरी छुट समेत दिन सकिनेछ ।

## प्रस्ताव मूल्याङ्कनका आधारहरु

तोकिएको मितिमा दर्ता हुन आएका प्रस्तावहरुको, निजगढ नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७७ तथा नियमावली, २०७७ को आधारमा, निम्नानुसार मूल्याङ्कन सम्पन्न गरिने र योग्यतम प्रस्तावदाताको छनौट गरिनेछ ।

क) क्षेत्रगत अंक विभाजन

| सि.नं. | मुल्यांकनको क्षेत्र | अंकभार |
|---|---|---|
| १. | प्राविधिक प्रस्ताव | ५० अंक |
| २. | आर्थिक प्रस्ताव | ५० अंक |

नोट :

१) योग्यतम प्रस्तावदाताको रुपमा छनौट हुन प्रस्तावदाताहरु उक्त दुवै क्षेत्रमा तोकिएको अंकको न्यूनतम ६० प्रतिशत अंक प्राप्त गरी (प्राविधिक तथा आर्थिक प्रस्तावमा न्यूनतम ३० अंक) उतीर्ण हुन पर्नेछ । कुनै एउटा क्षेत्रमा अनुतीर्ण प्रस्तावदाता प्रस्ताव छनौटको लागि योग्य मानिने छैन ।

